*"गुणस्तरिय शिक्षा, सवल पूर्वाधार र समावेशी सेवा – समृद्ध र आत्मनिर्भर नगर निर्माण हाम्रो लक्ष्य"*

त्रिवेणी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तोली बाजुरा

# १७ औं अधिवेशन
# नीति तथा कार्यक्रम

**आदरणिय त्रिवेणीवासी आमाबुवा, दिदिबहिनि तथा दाजुभाईहरु**

**सम्मानीत नगरसभाका सम्पुर्ण सदस्य ज्युहरु,**

नगरसभा अध्यक्षको हैसियतले सम्मानीत सभा समक्ष आज म नगरसभाको १७ औं अधिवेशनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा निकै गौरवाम्वित भएको छु।

सर्वप्रथम, यो व्यवस्था स्थापनाका लागी अमूल्य जीवन अर्पण गर्ने महान सहिदहरुप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु। साथै २०७९ मंसिर ४ को चुनावमा सहादत प्राप्त गर्ने स्व. संजिव अयडी र चेतन अयडी प्रति हार्दिक श्रदा सुमन व्यक्त गर्न चाहन्छु। जन आन्दोलनका घाइते अपाङ्ग बेपत्ता नागरिकहरु प्रति श्रदा उच्च सम्मान प्रकट गर्दै देशको सामाजिक सांस्कृतिक राजनैतिक एवं आर्थिक रुपान्तरणका लागी विभिन्न काल खण्डमा आन्दोलनको नेतृत्वदायि भुमिका खेल्नुहुने सम्पुर्ण अग्रजन नेतृत्व, आम नेपाली, नागरिक समाज, संचार जगत र सम्पुर्ण नगरवासि जनसमुदायलाई उच्च सम्मानका साथ धन्यवाद ज्ञापन गर्दछु।

नयाँ बर्ष २०८२ को शुरुवाती दोस्रो महिना जेठ २३ गते दिउसो हाम्रो नगरपालिकाको मुख्य ब्यापारिक तथा आर्थिक क्षेत्रको मुख्य केन्द्र बुढीगंगा नगरपालिकाको बाम्का वजारमा अकल्पनीय भिषण आगजनी भएर दर्जनौं होटेल

पसल तथा ब्यापारीक सटरहरु पूर्ण रुपमा क्षति हुन गई करोडौं करोडको धनमाल गुमेको छ। दर्जनौ व्यापारीहरुको दैनिक गुजारा गर्ने मुख्य आधार नै गुमेको छ। यस्तो विषम बिपत्तको घडीमा सभाअध्यक्ष र सम्पूर्ण सदस्यज्यू को तर्फवाट दु:ख ब्यक्त गर्दै यो अवस्थामा रत्तिभर विचल्लीत नहुन आग्रह गर्दै नगरपालिका र सरकारको तर्फवाट पुन:निर्माणका कामहरुलाई तिब्रता दिई यथाशक्य चाँडो व्यवसायीहरुलाई आफ्नो व्यवसायमा फर्किने वातावरण बनाईने तर्फ बिश्वस्त पार्न चाहन्छु।

नगरपालिका र नगरवासिको चाहना अनुरुप विकासका हरेक प्रक्रियामा हातेमालो गर्दै अतुलनिय योगदान पुऱ्याउनु हुने नगर सभाका सवै सदस्य ज्युहरु प्रति हार्दिक आभार प्रकट गर्दै यो व्यवस्थाको मूल मर्मलाई आत्मवोध गरी स्थानीय सरकारप्रति विकास र परिवर्तनको आशा र भरोसा पैदा गर्न, स्थानीय उत्पादनलाई दिगो आर्थिक बृद्धिको आधार वनाई आर्थिक विकास हासिल गर्न र सुशासन प्रवर्द्धनमा नगर सरकार प्रतिवद्ध रहेको कुरा विश्वस्त पार्न चाहन्छु।

नगरवासीको चाहना अनुरुप नगरसभाको १७ औं अधिवेशनले लिएको ***"गुणस्तरिय शिक्षा, सवल पूर्वाधार र समावेशी सेवा – समृद्ध र आत्मनिर्भर नगर निर्माण हाम्रो लक्ष्य"*** विकासको लक्ष्य पुरा गर्न आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रमले निम्न विषयहरुमा जोड दिईएको छ:

- **स्वास्थ्य सेवा क्षेत्रमा दक्ष जनशक्ति परिचालन, गुणस्तरिय सेवा प्रवाहका लागी प्रविधिमैत्री स्वास्थ्य सेवा, सर्वसुलभ तथा छिटो छरितो उपचारसेवा प्रदान गर्ने।**

- **शिक्षाको गुणस्तरका लागी डिजीटल प्रविधि मार्फत अध्यायन अध्यापनको थालनी, फर्निचर तथा कक्षा व्यवस्थापन र आवश्यक शैक्षिक पूर्वाधारको निर्माण गर्ने।**
- **नगर सरकारवाट सञ्चालित कार्यक्रमहरु उद्यमशिलताको विकास, उत्पादन, उत्पादकत्व र रोजगारी सृजनामा केन्द्रित गर्ने।**
- **भौतिक पूर्वाधार तर्फका आयोजनाहरु समयमै सम्पन्न गरी बित्तिय श्रोतको सहि सदुपयोग गर्न कानूनी तथा व्यवस्थापकीय कार्यहरुमा नगर सरकारको ध्यान पूर्ण रुपमा केन्द्रित गर्ने।**

**नगरसभा सदस्य ज्युहरु,**

स्थानीय सरकारको नीति तथा कार्यक्रम तयार गर्दा, नेपाल अधिराज्यको संविधान २०७२ को अनुसुची ८ र ९ मा व्यवस्थापन भएका स्थानियतहको एकल तथा साझा अधिकारहरु मौलिकहक एवं राज्यको निर्देशन, सिद्धान्त र नीतिहरु, संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु, नेपाल सरकारबाट स्विकृत संघ, प्रदेश र स्थानियतहको कार्य वित्तिय नीतिहरु, स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्थापन भएको, नगर कार्यपालिकाको आयोजनामा स्थानिय राजनैतिकदल समाजसेवी, बुद्धी जिवी तथा संघ संस्थाका प्रतिनिधिहरुबाट आएको नितिगत सुझावटोल वस्ति तथा वडाभेलाबाट प्राथमिकरण गरि आएका योजनाहरु, विषयगत समितिको बैठकबाट आएका महत्वपुर्ण नितिगत विषयहरु ,राजश्वपरामर्श समितिको बैठकका निर्णयहरु, हालसम्मका नगरसभाले पारित गरेका निर्णयहरु, बजेट तर्जुमा दिग्दर्शन २०७८, स्थानीय श्रोत साधन, विकासका अन्तरसम्बन्धि

विषयहरुलाई आधार वनाई तयार गरिएको आ.ब. २०८२/०८३ को क्षेत्रगत रुपमा सम्मानीत सभामा जानकारी गराउन चाहन्छु।

१. स्थानीय सम्भाब्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरहरुको उपयोग गरी उत्पादन तथा उत्पादकत्व वढाईनेछ साथै कृषिको व्यवसायिकीकरणमा जोड दिई आय आर्जन तथा रोजगारीका थप अवसरहरु सृजना गरिनेछ।
२. सम्भाव्यता पहिचानका आधारमा आधुनिक कृषि प्रविधि, मल, बिउको प्रयोगमा जोड दिई स्थानीय जलबायु र भूगोल अनुसारको उपयुक्त बालीको प्रवर्द्धनमा जोड दिईनेछ।
३. किसान परिचपत्र वितरण र दर्ता प्रणालीलाई व्यवस्थित गरिने छ।
४. ब्यवसायिक कृषकहरुकालागी कृषि पकेट क्षेत्र अन्तर्गत उन्नत कृषि श्रोत सामग्रीहरुको (बीउ, बिरुवा, बेर्ना, नश्ल, भूरा आदि) वितरण तथा उत्पादनको नीति लिईनेछ।
५. कृषकको आर्थिक समृद्धिका लागी फलफूल वगैचा सुधार तथा बगैचा विस्तार कार्यक्रमलाई जोड दिईनेछ।
६. पालिकाको पहिचानका लागी उत्पादन पकेट क्षेत्र विस्तार गरी उत्पादीत वस्तुको वजारीकरणका लागी विशेष पहल गरिनेछ।
७. किसानलाई समयमै मल, विउ तथा प्रविधिको व्यवस्थापन गर्न जनशक्ति तथा लगानीको उचित प्रवन्ध गरिनेछ।
८. कृषि बस्तुहरुको व्यवसायिक उत्पादनलाई वजार अवसरको सुनिश्चितता दिन सम्भाव्य उत्पादन थलो नजिक संकलन केन्द्र व्यवस्थापन गरी नीजी तथा

सहकारी क्षेत्रको लागत सहभागिता र व्यवस्थापनमा रहने गरी हाटवजारको निर्माणमा पहल गरिनेछ।

९. कृषि पकेट क्षेत्रमा तुलनात्मक लाभ भएका कृषि बस्तुहरुको उत्पादनमा प्राथमीकता दिईनेछ।

१०. रैथाने वालीको विस्तारका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ।

११. कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी कार्यान्यनमा जोड दिईनेछ।

१२. आधुनिक कृषि प्रविधि विस्तार तथा सिचाई प्रणालीको विकास गरिने नीति लिईएको छ।

१३. विपन्न महिला तथा सिमान्तकृत वर्गको आय आर्जनको भरपर्दो माध्यामको रुपमा रहेको बाख्रापालन व्यवसायलाई सुदृढ गर्न बाख्रापालन पकेट तथा श्रोत केन्द्र अवधारणामा कार्यक्रम संचालन गरिनेछ।

१४. व्यवसायिक बाख्रापालक कृषकहरुलाई विउ अनुदान, स्वास्थ्य परिक्षण सेवा र औषधि उपचार व्यवस्थापन गरिनेछ।

१५. घुम्ति पशुस्वास्थ्य शिविर नगरका सवै वडाहरुमा संचालन गरिनेछ साथै विशेषज्ञ पशुचिकित्सक द्धारा नगरका छतारा तोली र कैलाशमाण्डौमा शिविर संचालन गरिनेछ।

१६. व्यवसायिक योजना निर्माण गरी संचालन गर्ने गाई, भैसी, बाख्रा र कुखुरापालन व्यवसायिहरुको गोठ तथा खोर व्यवस्थापनमा सहुलियत प्रदान गर्ने नीति लिईएको छ।

१७. विपन्न तथा महिलाहरुका लागि कृषि तथा सिप विकास कार्यक्रम मार्फत आय आर्जनमा जोड दिईने छ।

१८. स्थानीय स्तरमा उत्पादन हुने वस्तुको संकलन गरी विद्यालय दिवा खाजा लाई ब्यवस्थित गर्ने नीति लिईएको छ।

१९. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्कम असर न्यूनिकरण गर्दै जलवायु अनुकुलन कृषि प्रविधिको विस्तार गरिनेछ।

२०. सिंचित क्षेत्र विस्तारका लागी सिंचाई पोखरी, नहर लगायतका पूर्वाधारको विस्तार गरिनेछ।

२१. कृषि योग्य भूमीको संरक्षण र बाँझो जमिनको उपयोग हुने गरी स्थानीय रैथाने वाली उत्पादनमा जोड दिनुका साथै उत्पादित वस्तुलाई पोषणको अभिन्न अंङ्गको रुपमा अगाडी वढाईनेछ।

२२. त्रिवेणी नगरपालिकाको सेवा क्षेत्रमा रहेका उत्पादित बस्तु, खाद्यान्न बाली, जडीवुटी, सिलेट काठ जस्ता प्राकृतिक तथा खानीजन्य पदार्थहरुको सम्भाव्यता अध्ययन गर्ने नीति लिईनेछ।

२३. कृषि तथा पशुपालन क्षेत्रमा सक्रियता पूर्वक संलग्न किसानहरुलाई व्यवसायिक तथा क्षमता विकास तालिमको व्यवस्थापन गरिनेछ।

२४. पालिका भित्रको समग्र खाद्य सुरक्षा तथा पोषणको अवस्थावारे तथ्यांक संकलन र विश्लेषण गरी कृषि शाखामा खाद्य सुरक्षा तथा खाद्य सुरक्षा सूचना प्रणालीको स्थापना गरिनेछ।

२५. पोषण तथा खाद्य सुरक्षा रणनीति योजनालाई प्रभावकारी रुपमा लागू गरिनेछ।

२६. पोषण तथा खाध्य सुरक्षाको अभिवृद्धि गर्न नविकरणिय उर्जाको प्रयोग लाई बढाईने नीति लिइनेछ ।

२७. वडावाट सिफारिस सहित प्राथमीकतामा परेका सिचाई आयोजनाहरुलाई संघ, प्रदेश तथा नगरको आफ्नै लगानीमा निर्माण तथा मर्मत प्रकृयामा अगाडी वढाउदै लगिने नीति लिईएको छ।

२८. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अपर्याप्त र जिर्ण भौतिक संरचनाहरुलाई प्राथमीकताका आधारमा वजेटको सुनिश्चित गरी तत्काल पुन:निर्माणको कार्य थालनी गरिनेछ।

२९. विद्यालयको वातावरण पूर्ण रुपमा स्वच्छ, सफा र स्वस्थ नभएसम्म गुणस्तरिय शिक्षाको परिकल्पना गर्न सकिंदैन यसर्थ, सवै विद्यालयमा हाल संचालनमा रहेको खानेपानीको गुणस्तर जाँच गरी बालमैत्री धारा र किशोर किशोरीमैत्री र अपाङ्गमैत्री शैक्षिक संरचना निर्माणमा जोड दिईनेछ।

३०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई ध्यानमा राखी विद्यार्थिहरुको अध्ययन अध्यापनका लागी कक्षाकोठाहरुमा प्रविधि जडान साथै शैक्षणीक सिप सम्बन्धि प्राविधिक ज्ञानको तालिम संचालन गर्दै लगिनेछ।

३१. प्राविधिक तथा दक्ष जनशक्ति अभावका कारणले नै आजको आधुनिक वजारमा प्रतिस्पर्धा गर्न नसकेकोले वेरोजगारी वढेको साथै उत्पादन र समृद्धिमा दिर्घकालिन असर पर्ने यथार्थतालाई मध्यनजर गरी नगर भित्र नै प्राविधिक जनशक्ति उत्पादन गर्नका लागी प्राविधिकधार अध्ययन अध्यापनका लागी पहल गरिनेछ।

३२. नगरपालिका भित्रका टुहुरा, असहाय, अनाथ तथा सहाराविहिन वालवालिकाहरुको शिक्षाको अधिकारलाई सुनिश्चित गर्नका लागी आवासीय विद्यालय संचालन गर्न नीतिगत तथा आवश्यक पूर्वाधारको व्यवस्था मिलाई बालबालिकाको स्याहारका लागी सहयोगी आमा व्यवस्थापन गर्न एकल महिलालाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्न **"लक्षित बालवालिका संरक्षणका लागी उपप्रमुख कार्यक्रम"** संचालन गर्ने नीति लिईएको छ।

३३. लागूपदार्थ, दुर्व्यसन, आत्महत्या जस्ता डरलाग्दा घटनाहरु घटन नदिनका लागी किशोर किशोरी आत्मरक्षा तालिम र अन्तरक्रिया कार्यक्रम संचालन गरिने नीति लिईएको छ।

३४. आर्थिक रुपले बिपन्न, टुहुरा तथा अनाथ वालवालिकाहरुको शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न नि:शुल्क भर्ना, आवश्यक पोषाक र अभ्यास पुस्तिकाको व्यवस्था मिलाई विद्यालय नियमित गराईने नीति लिईएको छ।

३५. हाल पर्याप्त शैक्षिक सामग्रीहरुको विद्यालयहरुमा सामग्री प्रयोग गर्नका लागी शिक्षकहरुलाई सिप तथा क्षमता विकास तालिमको आयोजना गरिनेछ भने सामग्रीहरु अपर्याप्त भएका विद्यालयहरुका लागी व्यवस्थापन सहित तालिम संचालन गरिनेछ।

३६. विद्यालयको बार्षिक कार्य योजना, शैक्षिक क्यालेन्डर, र शैक्षिक क्रियाकलाप, शिक्षक दरबन्दी र विद्यार्थि संख्याका आधारमा दरवन्दि मिलान र जनशक्ति व्यवस्थापनमा वैज्ञानीक वनाईने नीति लिईएको छ।

३७. हरेक बर्ष नगरभित्रका सामुदायिक विद्यालयहरुवाट SEE मा उत्कृष्ट नतिजा ल्याउने ३ वटा विद्यालयलाई पुरस्कृत गरिने नीति लिईएको छ।

३८. प्रारम्भिक वालविकास केन्द्रको चौतर्फि विकास गर्नका लागी डिजिटल प्रविधिको माध्यामवाट वालवालिकाको क्षमता बृद्धी गर्ने नीति लिईएको छ।

३९. विद्यालयमा हुने साप्ताहिक, मासिक अर्धवार्षिक तथा बार्षिक दिवस, उत्सव, शिक्षक अविभावक भेला, कार्यक्रम तथा अन्य शैक्षिक गतिविधिहरुको मूल्यांकलन गरी अतिरक्त कार्यक्रमहरु संचालन गर्ने नीति लिईएको छ।

४०. नगरका सवै सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थिहरुमा सूचना प्रविधिको प्रयोग गरी ज्ञान, सीप र पहुँच अभिवृद्धि गरिनेछ।

४१. नगरपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरिय र प्रभावकारी वनाउन अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ।

४२. नगरपालिका भित्र आधुनिक, प्रविधिमैत्री खेलकुद रंगशाला स्थापनाका लागी संघ सरकारमा विशेष पहल गरि कार्यान्वयनको थालनी गर्ने नीति लिईएको छ।

४३. बार्षिक रुपमा माध्यामीक तहमा मेयर कप रनिङ शिल्ड तथा राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता, प्रभावकारी रुपमा संचालन गर्न खेलसामग्री तथा प्रभावकारी प्रशिक्षणको व्यवस्थापन गरिने नीति लिईएको छ।

४४. कक्षा १-८ र १-१२ संचालन भएका विद्यालयमा अनिवार्य रुपमा नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, युवा रेडक्रस सर्कलको वृत्ति विकासमा जोड दिईनेछ।

४५. विद्यार्थिहरुको वसाई व्यवस्थापनका लागी विद्यालयको आवश्यकता अनुसार बालमैत्री फर्निचर डेस्क – बेन्च निर्माण गरी अध्यायन अध्यापनलाई सहज तथा प्रभावकारी वनाईनेछ।

४६. विद्यालयको सरसफाईमा विशेष जोड दिई वाल मैत्री शैक्षिक वातावरण तयार गर्ने नीति लिईएको छ।

४७. शैक्षिक गुणस्तर वृद्धि गर्न जनशक्ति व्यवस्थापन, तालिम तथा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ।

४८. शैक्षिक क्षेत्रका नयाँ नयाँ बिषयहरुको खोज तथा अनुसन्धान कार्यका लागी नगरपालिकाको केन्द्रमा आधुनिक सुविधा सम्पन्न पुस्तकालयको व्यवस्थापन गरिनेछ।

४९. विद्यालय व्यवस्थापनमा सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। साथै महिनावारी स्वच्छता व्यवस्था सम्वन्धि तालिम कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

५०. अपाङ्ग, टुहुरा, आर्थिक विपन्नताका कारण नियमीत विद्यालय जान नसक्ने वालवालिकाहरुलाई आवश्यक सहयोग साथै सकारात्मक मनोपरामर्श कार्यलाई निरन्तरता दिईनेछ

५१. सवै जनताको आधारभूत स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्नका लागी वडास्तरमा संचालित सवै स्वास्थ्य संस्थाहरुको भौतिक संरचनाहरुलाई आधुनिक सुविधा सम्पन्न वनाउदै लगिनेछ।

५२. नगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई गुणस्तरिय वनाउन प्रविधि खरिद तथा तालिम प्राप्त जनशक्ति विकासमा जोड दिईनेछ।

५३. स्वास्थ्य संस्थामा काम गर्दै आएकास्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मनोवल बृद्धिका लागी नगरपालिकाले आवश्यक सेवाबृत्ति र दरवन्दी व्यवस्थापनमा जोड दिईनेछ।

५४. बाजुरा जिल्ला अस्पताल, वयालपाटा अस्पताल, गेटा आँखा, सेती प्रादेशिक अस्पतालसंग समन्वय गरी आँखा, पाठेघर तथा आङखस्ने र अन्य रोगको विरामीका लागी नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्न पहल गरिनेछ।

५५. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागी आँखा,कान नाक घाँटीको निशुल्क स्वास्थ्य शिविर संचालनका साथै उपचार सेवा संचालन गर्ने नीति लिईएको छ।

५६. GIZ नेपाल र त्रिवेणी नगरपालिकको सहकार्यमा, स्वास्थ्य क्षेत्र रणनीति र स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहयोग कार्यक्रम अन्तरगत सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा जनताको पहुँच सुधार गर्न, स्वास्थ्य बिमा, तथ्यमा आधारित स्वास्थ्य व्यवस्थापन, डिजिटल स्वास्थ्य र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरु गरिनेछ । त्रिवेणी नगरपालिका र GIZ को सम्झौता अनुरुप आ.व. २०८२।०८३ र २०८३।०८४ मा बजेट रु ५२,३०,७५०। को पालिका द्वारा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

५७. नगरपालिकाको प्रत्येक वडा वाट कम्तिमा १० जना विपन्न परिवारलाई स्वास्थ्य विमामा आवद्ध गर्न **"नगरप्रमुख स्वास्थ्य विमा कार्यक्रम"** को शुरुवात गरिनेछ।

५८. स्वास्थ्य संस्थामा औषधिको अभाव हुन नदिनका लागी समयमै खरिद तथा व्यवस्थापनका सम्पूर्ण प्रक्रियाहरु पुरा गरी हस्तान्तरणको नीति लिईनेछ।

५९. गर्भवती तथा सुत्केरी अवस्थामा जटिलता भई प्रेसनका लागी आकस्मीक प्रेसन व्यवस्थापन संचालन गरिनेछ।

६०. मानसिक स्वास्थ्य तथा दिर्घरोग रोकथामका लागी सचेतना अभियान कार्यक्रम संचालन गरिनेछ।

६१. पूर्ण अपाँगता,आंशिक अपाँङ्गता, आर्थिक विपन्नता, एकल महिला, आमा, बाबु गुमाएका वालवालिकाहरु तथा विपन्न परिवारलाई स्वास्थ्य उपचार सेवाका लागी औषधि उपचार सहायता कार्यक्रमलाई मापदण्ड तयार गरी लागू गर्ने नीति लिएको छ।

६२. पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गर्ने नीति लिईएको छ।

६३. राष्ट्रिय खोप कार्यक्रमलाई प्रभावकारी वनाउने नीति लिईएको छ।

६४. नगर विकासका लागी दिर्घकालीन महत्वराख्ने आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्यांकनका कार्य थालनी गर्ने नीति लिईएको छ।

६५. नगरपालिका भित्रका मुख्य सडकहरुको कालोपत्रे गर्ने कार्यलाई तिब्रता दिनका लागि संघ र प्रदेश सरकारसंग श्रोत साझेदारी गरी निरन्तरता दिईने छ।

६६. त्रिवेणी नगरपालिकाको मौरे जिरोप्वाईन्ट देखी छतारा सडकको कालोपत्रे निर्माण र वडा नं ९ को वडा कार्यालय भवन निर्माणका लागी सघन सहरी मार्फत चालू आ.ब. २०८२/०८३ मा ठेक्का प्रक्रिया मार्फत काम भईरहेकोले उक्त आयोजनाको काममा निर्माण कम्पनी र संघिय सघन शहरी विकास संग समन्वय गरी बाँकी कामहरुलाई समयमै सम्पन्न गर्न निर्देशन गरिनेछ।

६७. साँफे – मार्तडी प्रादेशीक सडक जोडने बल्दे – पैमा हुदै नगपालिका केन्द्र सडकको स्तरोन्नती कार्य संचालन गर्ने नीति लिईएको छ।

६८. त्रिवेण नगरपालिकाको सडक संजालले नजोडेको एक मात्र वडा किम्नीमा सेरावगर किम्नी सडकको कार्य संचालनमा आईसकेकोले यही आ.ब. २०८२/०८३ मा वडा कार्यालयसम्म पुग्ने गरि कार्यको थालनी गर्न श्रोतको सुनिश्चिता गरिनेछ।

६९. ठेक्का सम्झौता भई निर्माण कार्य संचालन हुन नसकेका मोटरेवल पुल तथा सडक संरचनाहरुको कार्य शुरु गर्न संघ र प्रदेश सरकारसंग समन्वयमा जोड दिईनेछ।

७०. हाल कार्य संचालनमा रहेका सडक आयोजना र पुलहरुको कार्यलाई तिब्रता दिनका लागी नीतिगत र पहल तथा समन्वय गरिनेछ।

७१. नगर गौरवका आयोजनाहरु संचालन गर्नका लागी संघिय तथा प्रदेश मन्त्रालयमा विशेष पहल गरिनेछ।

७२. वडाको केन्द्रसम्म पुग्ने सवै वडाका सडकहरुको स्तरोन्तीका लागी संघ, प्रदेश र नगरको लगानीमा कार्यान्वयन गर्न स्रोत व्यवस्थापनको नीति लिईएको छ।

७३. एक घर एक धारा खानेपानी कार्यक्रमलाई निरन्तरता दिने नीति लिईएको छ।

७४. बृहत खानेपानी योजनाको माग भई विस्तृत आयोजना प्रतिवेदन समेत तयार भएर संचालन गर्न नसकिएका वृहत खानेपानी योजनाहरुलाई संघ, प्रदेश र नगरको सह लगानीमा निर्माण कार्यको थालनी गर्न पहल गर्ने नीति लिईएको छ।

७५. स्थानीय वजार, टोल तथा सडकहरुमा ढल निकासको उचित व्यवस्थापन पहल गर्न स्रोत व्यवस्थापन गरिनेछ।

७६. नगरपालिका भित्रका सवै टोलहरुलाई स्वच्छ, सफा र बातावरणमैत्री वनाउन सरसफाई कार्यक्रम संचालन गर्ने नीति लिईएको छ।

७७. त्रिवेणी नगरपालिकाको रिङ्गरोडको अवधारणालाई अगाडी वढाउन लगानीमा पहल गरिनेछ।

७८. नगरपालिका भित्र संचालित योजनाहरुको गुणस्तर र दिगोपनालाई मध्यनजर गरी योजनाका उपभोक्ता समितिहरुलाई निर्माण प्रकृया वारे क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७९. नगरपालिका भित्रका योजनाहरुलाई आधुनिक प्रविधिमैत्री र गुणस्तरिय वनाउन प्राविधिक जनशक्तिको तालिम तथा उपकरण व्यवस्थापनमा विशेष जोड दिईने नीति लिईएको छ।

८०. बस्ती हुदै वडावाट सिफारिस भई आएका सवै आयोजना/ योजनाहरुलाई कार्यान्वयन सम्भाव्यताका आधारमा नगर, प्रदेश र संघ सरकारमा प्रस्ताव गरिने नीति लिईएको छ।

८१. नगरपालिका भित्रका पैदल मार्गहरुलाई स्तरोन्नती गरिने नीति लिईएको छ ।

८२. हाल नगरमा अधुरा रहेका सवै आयोजना तथा कार्यक्रमहरुलाई पुरा गरी संचालनमा ल्याईने नीति लिईएकोछ।

८३. नगपालिका भित्र भवन आचारसंहिता मापदण्ड कार्यान्वयनमा ल्याईनेछ।

८४. नगरपालिकाको रोजगार रणनीति योजना तयार गरी स्थानीय स्तरको रोजगारी पहिचान र वेरोजगार युवा जनशक्तिलाई रोजगारीमा संलग्न गराउने नीति लिईनेछ।

८५. बैदेशीक रोजगारीमा फर्केकाहरुका व्यक्तिलाई उद्यमशीलता प्रवर्द्धन गर्ने नीति लिईनेछ।

८६. कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम संचालनमा स्रोत व्यवस्थापनको नीति लिईएको छ।

८७. बैदेशीक रोजगारिमा जाने श्रमशक्तिको लागी बित्तिय साक्षरता र सिपमूलक तालिममा विशेष जोड दिईनेछ।

८८. बैदेशीक रोजगारीवाट फर्केकाहरुका लागी प्राप्त ज्ञान सिप र उद्यमशिलताको उपयोगका लागी सेवा प्रदायकहरु विच अन्तर्क्रिया कार्यक्रमहरु संचालन गर्ने नीति लिईएको छ।

८९. स्थानीय उत्पादन, जनशक्ति तथा साधन स्रोतको नक्सांकन गरी नगरपालिका भित्र संचालन गर्न सकिने घरेलु तथा साना उद्योगहरुको स्थापना गर्न जोड दिईनेछ।

९०. युवाहरुलाई व्यवसायिक तथा सिपमूलक कार्यक्रम मार्फत कृषि तथा पशुजन्य साना उद्योगहरु संचालन गर्न लगानीको बातावरण सृजना गरिनेछ।

९१. नगरपालिका भित्रवाट प्रत्येक बर्ष श्रम वजारमा प्रवेश गर्ने युवाहरुको तथ्यांकलाई व्यवस्थित गर्न रोजगार सेवा केन्द्रलाई व्यवस्थापन गरिनेछ।

९२. सिपमूलक तथा आय आर्जन कार्यक्रम संचालन गर्न आन्तरिक रोजगारी सृजना गर्न लगानीमा विशेष जोड दिईनेछ।

९३. नगरपालिका भित्र संचालन गरिने उद्यम विकास, रोजगारी तथा आयआर्जन क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुलाई एकीकृत गर्दै प्राथमीकता र आर्थिक विपन्न नगारिकहरुलाई प्रत्यक्ष लाभ पुग्नेगरी प्रभावकारी रुपमा संचालन गर्ने नीति लिईएको छ।

९४. रोजगार सेवाकेन्द्रलाई श्रम सूचना बैकको रुपमा विकास गर्दै लगिनेछ।

९५. रोजगारी सृजनाका क्षेत्रको पहिचान, उद्यमशिलता प्रवर्द्धन, रोजगारीवाट फर्केका युवाको सिप सदुपयोग तथा श्रम वजार अनुकूलता शिपविकास कार्यक्रम निर्माण गर्ने नीति लिईनेछ।

९६. नगरभित्रका प्राविधिक शैक्षिक वेरोजगारहरुलाई उनीहरुको सीप र क्षमताको आधारमा प्रविधि सहयोग गरी व्यवसायमूलक स्व:रोजगार कार्यक्रममा संलग्न गराउन संघ र प्रदेश सरकारको समन्वयमा कार्यक्रमहरु संचालन गर्ने नीति लिईएकोछ।

९७. **"एक घर एक उद्यमशील"** ब्यक्ति तयार गर्न लगानीका लागी श्रोत व्यवस्थापनको नीति लिईनेछ।

९८. लैगिंक तथा पछाडी पारिएका वर्गहरुका लागी लक्षित कार्यक्रम संचालन गर्ने नीति लिईएको छ।

९९. सहकारी मूल्य र सिद्धान्तलाई अनुशरण गर्न गराउन सवै सहकारी संस्थाहरुलाई अभिप्रेरित गरिनेछ।

१००. सहकारीहरुको कार्यक्षेत्र र संस्थागत क्षमता मूल्यांकन गरी सिप तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

१०१. सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी वनाउन नगरपालिकाको आर्थिक विकास शाखालाई सहकारी नीति मार्फत व्यवस्थित गरि सहकारी संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गर्न नीति लिईनेछ।

१०२. सहकारीलाई उत्पादन, रोजगारी र वजारीकरणमा जोड दिईनेछ। संगठनात्मक व्यवस्थापन, रोजगारी तथा स्व:रोजगार क्षेत्रमा गरेको योगदान र सेवाको मूल्यांकन गरि आवश्यक सहयोग गरिने नीति लिईएकोछ।

१०३. सहकारी शिक्षालाई प्रवर्द्धन, एक सहकारी एक उत्पादनको नीतिलाई अगाडी वढाउदै उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गर्ने नीति लिईएको छ।

१०४. नगरपालिका भित्र हाल संचालनमा रहेका विभिन्न उद्देश्य राखी गठन भएका सहकारी संस्थाहरुको प्रभावकारी नियमन गरी सहकारी शेयर सदस्यहरुको लगानीलाई सुक्षित गरिनेछ।

१०५. सहकारीको पूजीलाई व्यवसायिक क्षेत्रमा लगानीको वातावरण सृजना गरी स्वरोजगार मार्फत आर्थिक आय आर्जनमा जोड दिईनेछ।

१०६. नगरपालिकामा खेलकुद क्षेत्रको विकासका लागी प्रशिक्षणका कार्यक्रम संचालन गर्ने नीति लिईएको छ।

१०७. युवा जनशक्तिलाई समाज विकासमा गरिचालन गरी राष्ट्रिय लाभप्राप्त गर्न उद्यमशिल, सृजनशिल, र सकारात्मक सोचका साथ अगाडी वढाउने नीति र कार्यक्रम लागू गरिनेछ।

१०८. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप, नगर तथा वडा स्तरिय खेलकूद प्रतियोगीताहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन आवश्यक पूर्वाधार र खेल सामग्रीहरुको व्यवस्थापन गर्ने नीति लिईएको छ।

१०९. खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

११०. नगरस्तरमा नव प्रतिभावान खेलाडी पहिचान गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१११. नगरपालिका भित्रका प्रमुख पर्यटकीय स्थलको रुपमा परिचित गन्तव्यहरुको विकास र प्रचार प्रसार गर्न संघ र प्रदेश सरकार संग समन्वय गरी श्रोत व्यवस्थापनमा विशेष पहल गरिनेछ।

११२. देशकै प्रसिद्ध धार्मिक पर्यटकीय मन्दिर वडीमालिकाको पूर्वाधार विकास गर्न थप लगानीका लागी पहल गरिनेछ

११३. वडीमालिका, त्रिवेणीपाटन, विनी, नाटेश्वरी, गहतेमाई क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थलका रुपमा विकास गर्न पर्यटन पूर्वाधारका लागी लगानीको वातावरण तयार गरिनेछ।

११४. छतारा मन्दिर - पञ्चपुरी – वडीमालिका धार्मीक पर्यटकीय क्षेत्रको पर्यटकीय पथमार्ग निर्माण पर्यटन विकासको पहिलो पाईला भएकोले उक्त भौतिक संरचना निर्माणका लागी संघिय सरकार पर्यटन मन्त्रालयमा श्रोत व्यवस्थापनका लागी विशेष पहल गरिनेछ।

११५. पालिका भित्रका मठ मन्दिरहरुको लगत संकलन गरी सूचीकृत गर्ने र सम्पूर्ण धार्मीक मठ मन्दिरहरुको संरक्षण, सम्वर्द्धन र पुन: निर्माणमा जोड दिईनेछ।

११६. नगरपालिका भित्र रहेका ऐतिहासिक, धार्मीक तथा पुरात्वातिक मठ मन्दिर हरुको संरक्षणका लागी व्यवस्थापन गरिनेछ।

११७. वडीमालिका- नाटेश्वरी क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न संघिय सरकारमा पहल गरिनेछ।

११८. धार्मीक पर्यटकीय महोत्सव संचालन गर्न सरोकारवाला पक्षहरुविच अन्तरक्रिया तथा संवाद अगाडी वढाई कार्यान्वयनमा ल्याईनेछ।

११९. नगरपालिकाका प्रमुख पर्यटकिय पथमार्ग निर्माण गर्न श्रोत व्यवस्थापनमा जोड दिईनेछ।पर्यटकीय स्थलमा फोहोर मैला व्यवस्थापन र पार्किङ्गको व्यवस्थापन गरिनेछ।

१२०. पर्यटकीय झरना ताल तलैया र पार्कहरुको सम्भाव्यता अध्ययन गरी पूर्वाधार निर्माण र व्यवस्थापनको कार्यमा पहल गरिनेछ।

१२१. पर्यटन क्षेत्रको विकासमा स्थानीय सरकारको भूमीका पूर्वाधार निर्माण र पर्यटन सेवा वा वस्तुको विकास एवं विस्तारमा सहजकर्ता, नियमनकर्ता, समन्वयकर्ता र उत्प्रेरकको रुपमा रहने गरी यस क्षेत्रमा संलग्न नीजी क्षेत्रको भूमीकालाई प्रोत्साहन गरिनेछ।

१२२. पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्न स्थानीय सूचना संचार क्षेत्रको भुमिकालाई वढावा दिने निती लिईएको छ।

१२३. नगरपालिकाको आन्तरिक पर्यटन विकास, विस्तार, प्रवर्द्धन र समन्वयका लागी यस क्षेत्रसंग सम्बन्धीत कानून, संस्थागत र प्रक्रियागत व्यवस्थापनमा सुधार गर्दै लगिनेछ।

१२४. आन्तरिक आयआर्जन बृद्धिका लागी नगरपालिकाको मूल आधार पर्यटन क्षेत्र भएकोले बाह्रै महिना आन्तरिक तथा बाह्य पर्यटनको आवागमनलाई निरन्तरता दिनका लागी मौरे -नाटेश्वरी – वडीमालिका, छतारा- पञ्चपुरी- वडीमालिका कोरीडोरमा नीजी व्यवसायिहरुलाई लगानी गरी होटेल व्यवसाय संचालन गर्न शान्ति सुरक्षा र लगानीको वातावरण वनाउन पहल गरिनेछ।

१२५. दिगो वन व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा बृद्धि गर्ने।

१२६. जैवीक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवावाट प्राप्त हुने लाभ बृद्धि गर्दै नगरको आन्तरिक आयस्रोतलाई वृद्धि गर्ने।

१२७. पहिरो रोकथाम र भूस्खलनलाई रोकथाम गर्न नदि किनारामा तटवन्धन र वृक्षा रोपण संचालन गरिनेछ।

१२८. वन, जैवीक विविधता र वन्यजन्तु संरक्षका लागी कानूनी तथा नीतिगत व्यवस्थापन गरिनेछ।

१२९. नगरपालिकाको सरकारी तथा सामुदायिक वनमा संरक्षित वहुमूल्य जडीवुटीहरुको पहिचान गरि संरक्षणका लागी पहल गरिनेछ।

१३०. सामुदायिक तथा कवुलियती वन क्षेत्रभित्र जडीवुटी एवं गैरकाष्ट वन पैदावारको खेतीलाई बढावा दिन उपभोक्ता समूहलाई आवश्यक प्राविधिक ज्ञान, सिप र तालिम कार्यक्रम संचालन गरिनेछ।

१३१. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका उपाय अवलम्वन गरिनेछ।

१३२. नगरपालिका भित्र संचालित साना जलविद्युत आयोजनाहरुको दिगो व्यवस्थापन गर्न पहल गरिनेछ।

१३३. हाल संचालनमा आउन नसकेका साना जलविद्युत आयोजनाहरुको निर्माण तथा मर्मत कार्यका लागी लगानीको वातावरण तयार गरी संचालनमा ल्याईनेछ।

१३४. नगरपालिका भित्र संचालित लघुजलविद्युत आयोजनाहरुलाई स्थानीय साना उद्योग व्यवसायमा विद्युतिकरण गर्न प्रोत्साहन गरिनेछ।

१३५. नगरपालिका भित्र संचालित विद्युत आयोजनाहरुलाई स्तरोन्नती गरी नगरपालिकाको आन्तरिक आम्दानीको साझेदार वनाउन आयोजनाको दिगो व्यवस्थापनका लागी स्रोत परिचालनमा जोड दिईनेछ। ।

१३६. जलवायु परिवर्तवाट प्रभावित समुदाय तथा जलवायु-उत्पन्न एवं समभावित प्रकोप क्षेत्रहरुको पहिचान गरी जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गर्ने नीति लिईएको छ।

१३७. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई आवश्यकता अनुसार अध्यावधिक गरी योजनामा सिफारिस भएका विपद् जोखिमका गतिविधिहरुलाई न्यूनीकरण गर्न नीतिगत रुमा वजेटको व्यवस्थापन गरिनेछ। विपद् पूर्व तयारी  तथा प्रतिकार्य योजना अध्यावधिक गरी तद्अनुसार कार्यक्रम संचालन गरिनेछ।

१३८. सामाजिक-आर्थिक विकासलाई जलवायु-मैत्री एवं समयानूकुल बनाउन आवश्यक रणनीति, निर्देशीका तथा कार्यविधिको तर्जुमा तथा कार्यान्वयनमा जोड दिने नीति लिईएको छ।

१३९. विपद् पूर्व तयारी प्रतिकार्य योजना अनुसार आपतकालिन अवस्थामा आवश्यक पर्ने खोज तथा उद्दार र राहत सामग्रीहरुको व्यवस्थापन गरी विपद् आईपर्दा तत्काल सम्वोधन गर्ने नीति लिईएको छ।

१४०. बर्षौं देखी बाढी पहिरो तथा नदी कटानको समस्याले ग्रस्त भएका स्थानहरुमा तटवन्धन तथा नदी नियन्त्रणका आयोजना संचालन गर्न संघ तथा प्रदेश सरकारका निकायहरुमा समन्वय गरी स्रोतको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ।

१४१. जलश्रोत, वन, तथा सडक सम्वन्धी ऐन, कानूनको तर्जुमा गरी कार्यान्वयन गर्ने नीति लिईएको छ। ।

१४२. स्थानीय जात जाती, मौलिका भेष भूषा, भाषा र संस्कृतिको संरक्षणका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ।

१४३. नगरपालिकाको सामाजिक, साँस्कृतिक, तथा विकासका क्षेत्रमा अतुलनीय योगदान गरेका ऐतिहासिक व्यक्तित्वको सम्मान कार्यक्रम गर्ने नीति लिईएको छ।

१४४. सांस्कृतिक प्रवर्द्धन तथा मौलिक परम्पराको संरक्षण गर्ने नीति लिईएको छ।

१४५. महिला, वालवालिका, दलित, अपाँगता भएका तथा पछाडी पारिएको क्षेत्र वर्ग र समुदायलाई राज्यको मूलप्रवाहिकरणमा ल्याउन समानुपातिक समावेशी विकासको अवधारणालाई केन्द्रमा राखेर विशेष कार्यक्रमहरु संचालनमा जोड दिईनेछ।

१४६. जोखिममा परेका वालवालिकाहरुको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्न व्यवस्था मिलाईनेछ।

१४७. बालबालिकाको शोषण र उनीहरुमाथि हुने दुर्व्यवहारलाई गम्भिर अपराधको रुपमा लिईनेछ साथै कुनै पनि किसिमको दुर्व्यवहार गर्न नपाउने कानूनी व्यवस्थालाई कार्यान्वयनमा विशेष जोड दिईनेछ।

१४८. लैगिंक विभेदलाई अन्त्य गर्न सरकारको साधन र श्रोतमा महिला र वालवालिकाको पहुँच सुनिश्चित हुने गरी कार्यक्रमहरु संचालनमा जोड दिईनेछ।

१४९. लागू औषध र दुर्व्यसनमा लागेका बालबालिकाहरुको पुन:स्थापनाका लागि सरकारका साझेदार निकाय र नीजिक्षेत्र संग समेत समन्वय गरी उपचारात्मक, मनोपरामर्श तथा अन्य सहयोग कार्यक्रमहरु संचालन गरिनेछ।

१५०. बालविवाह न्यूनीकरण, शून्य लैगिंक हिंसा तथा वालवालिकाको न्यायमा पहुँच सुनिश्चित गर्न शैक्षिक संस्थाहरुमा कार्यक्रमहरु संचालन गर्ने नीति लिईएकोछ।

१५१. विकासलाई सामाजिक समावेशीकरण र लैङ्गिकीकरण गरिदै लगिनेछ।

१५२. बालविवाह र छाउपडी जस्ता कु प्रथाको विरुद्ध महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्न जोड दिईनेछ।

१५३. विद्यालयमा हुने भेदभाव र छुवाछुत अन्त्य गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

१५४. महिला, दलित तथा पछाडी पारिएका वर्ग र समुदायको विकास आर्थिक, सामाजिक सशक्तिकरणका लागी विशेष सिप, क्षमता र तालिम कार्यक्रम संचालनमा जोड दिईनेछ।

१५५. युवा महिला उद्यमीहरुलाई तालिम सिप तथा क्षमता विकास गरी व्यवसायी वनाउनका लागी विशेष कार्यक्रम संचालन गरिने नीति लिईएको छ।

१५६. लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा जोड दिईनेछ।

१५७. लामो समयदेखी सामाजिक उत्पीडनमा परेका दलित समुदायहरुका लागी रोजगार, सीप, सम्मानयुक्त जीवनयापन गर्ने वातावरण सृजना गर्दै पहुँच र प्रतिनिधत्वमा जोड दिईनेछ।

१५८. सामाजिक सुरक्षामा आवद्ध जेष्ठ नागरिकहरुले प्राप्त गर्दै आईरहेको सेवा सुविधालाई प्राप्त गर्न कार्यान्वयन प्रभावकारीमा जोड दिईनेछ।

१५९. लैगिंक हिंसा र जातीय छुवाछुत विरुद्धका अभियानहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नीतिगत तथा कार्यन्वयनको क्षेत्रमा जोड दिईनेछ।

१६०. अपाङ्ग, असक्त, आमा वावु नभएका वालवालिकाहरुको संरक्षण, शिक्षा तथा न्यूनतम आधारभूत सुरक्षाको व्यवस्था गरिने नीति लिईएको छ।

१६१. नगरपालिका कार्यालयवाट प्रदान गरिने अत्यवश्यक सेवालाई प्रविधिमैत्री वनाई सेवाको गुणस्तर र सुशासनमा जोड दिईनेछ।

१६२. सार्वजनीक सुनुवाई तथा स्थानीय विकास वहसका कार्यक्रमहरु संचालन गरी विकासलाई पारदर्शी र दिगोपनामा जोड दिईनेछ।

१६३. प्रत्येक वडामा सामाजिक परिक्षण, नागरिक वडापत्र, डिजिटल बोर्डमार्फत योजना तथा कार्यक्रमको प्रभावकारी अनुगमनलाई तिब्रता दिईनेछ।

१६४. जनप्रतिनिधि र कर्मचारीहरुलाई पूर्ण रुपमा जनता प्रति जवाफदेही वनाई सेवा प्रवाहलाई प्रभावकारी वनाईने नीति लिईएको छ।

१६५. नगरभित्रका शिक्षक, कर्मचारी, ब्यवसायी, जेष्ठ नागरिक र सेवा निवृत्त ब्यक्तित्वहरुको सेवाको मूल्यांकन गरी समान गरिने नीति लिईएको छ।

१६६. नगरपालिका र वडास्तरमा संचालन हुने व्यक्तिगत घटना दर्ता प्रणाली तथा सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई थप व्यवस्थित गर्न प्रविधिमैत्री सेवामा जोड दिईनेछ।

१६७. आन्तरिक राजश्व वृद्धि गर्नका लागी नगरपालिका भित्र विभिन्न व्यापार व्यवसायमा संलग्न व्यावसायीहरुको सूचीकृत गरी लगत व्यवस्थापन गरिनेछ।

१६८. नगरपालिका भित्रको विभिन्न क्षेत्रवाट प्राप्त हुने कर तथा सेवा शुल्कको दायरा बृद्धि गर्न नीतिगत व्यवस्थामा सुधार गर्दै लगिनेछ।

१६९. कर तथा सेवाशुल्कवाट प्राप्त आन्तरिक राजश्वलाई चुहावट हुनवाट रोक्न सेवालाई प्रविधिमैत्री वनाउनुको साथै दक्ष एवं तालिम प्राप्त जनशक्ति निर्माणमा जोड दिईनेछ।

१७०. आयोजना, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागी नतिजा तालिका, कार्यान्वयन कार्ययोजना, आयोजना विवरण तालिका र जिम्मेवारी तालिका तयार गर्ने नीति लिईएको छ।

१७१. ईन्टरनेट सेवालाई गुणस्तर र भरपर्दो वनाउन वडाकार्यालय तथा वडाका अन्य सेवाक्षेत्रमा फाईवरनेट जडानको लागी नेपाल टेलिकमसंग समन्वय गरी विस्तार गर्न जोड दिईनेछ।

१७२. नगरपालिकालाई आधुनिक प्रविधियुक्त वनाउन नगर तथा वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र जडान गर्ने व्यवस्था मिलाईनेछ।

१७३. डिजीटल नगर प्रोफायल तयार गरी नगरवासीको बास्तविक अवस्थालाई आधुनिक प्रणालीमा व्यवस्थित गर्ने नीति लिईएको छ।

१७४. नगरमा संचालित रेडीयो तथा संचार मिडियाहरुको क्षमता विस्तार तथा जनशक्ति व्यवस्थापनमा सहयोग गरिने नीति लिईएको छ।

१७५. नगरपालिका भित्रका सम्पूर्ण विकास गतिविधिहरुलाई जनस्तरमा पुर्याउन स्थानीय तथा राष्ट्रिय संचार माध्याहरुसंग समन्वय गरी प्रसारण गरिनेछ।

१७६. स्थानीय तहमा न्यायीक समितिले प्रदान गर्ने न्यायीक निरुपणका कार्यहरुलाई जनमैत्री वनाउन न्यायीक समितिलाई न्याय निरुपण र कानूनी दक्षता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापनमा जोड दिईनेछ।

१७७. मेलमिलाप मार्फत न्यायीक निरुपणमा जोड दिईनेछ। मेलमिलापकर्तालाई कानूनी अवधारणा सम्बन्धि क्षमता विकास तालिम प्रदान गरी मेलमिलापलाई व्यवस्थित गराईनेछ।

१७८. न्यायीक समिति संरचनागत रुपमा व्यवस्थित गरि न्याय प्रणालीलाई छिटो, विश्वसनीय र प्रभावकारी वनाईने नीति लिईनेछ।

१७९. वडास्तरमा हुने पंञ्जिकरणका सम्पूर्ण कामहरुलाई व्यवस्थित गर्न जनशक्ति परिचालन, श्रोत र साधनको उचित व्यवस्थापन ध्यान दिईनेछ।

१८०. नगरपालिकाको समग्र विकासका लागी बाह्य स्रोत तथा लगानी महत्वपूर्ण भएकोले विकास साझेदार सरकारी तथा गैर सरकारी संस्थाहरुसंग समन्वय गरी क्षेत्रगत दिर्घकालिन लक्ष्य हासिल गर्ने खालका आयोजना तथा कार्यक्रमहरु संचालन गर्ने नीति लिईएको छ।

१८१. नगरपालिका भित्र शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता तथा मापदण्ड लागू गरी नयाँ संरचनाहरु निर्माण गर्न कार्यविधि निर्माण गरी लागू गरिनेछ।

१८२. नगरभित्रको प्राकृतिक तथा खानीजन्य पदार्थको सम्भाव्यता अध्ययन गर्न कानूनी निर्माण गरी निकासी मार्फत आन्तरिक आम्दानीमा बृद्धि गर्ने नीति लिईएको छ।

१८३. नगरभित्रको शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार पालिकाको सिमाना तथा स्थानीय वजारको मुख्य क्षेत्रमा अस्थायी प्रहरी पोष्ट स्थापना गर्न संघिय सरकारमा पहल गरिनेछ।

१८४. नगरपालिकाको आवधिक विकास योजना अनुसार, नगर गौरवका योजना तथा कार्यक्रमहरुलाई क्रमिक रुपमा  कार्यान्वयन गर्नका लागी श्रोत साझेदारीका लागी संघिय तथा प्रदेश सरकारमा समन्वय गरिनेछ।

**नगरसभा सदस्य ज्युहरु**

***"गुणस्तरिय शिक्षा, सवल पूर्वाधार र समावेशी सेवा – समृद्ध र आत्मनिर्भर नगर निर्माण हाम्रो लक्ष्य"*** सहित हाम्रो नगरपालिकाले लिएको विकासको लक्ष्यलाई पुरा गर्न सम्पूर्ण नगरवासी आमा वुवा, दाजुभाई तथा दिदी-वहीनीहरुमा हार्दिक अपील गर्न चाहन्छु। नगर सरकारले ल्याएको नीति  कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन गर्न नगरसभाको एक्लो प्रयासले मात्रै सम्भव छैन, सम्भव पार्नका लागी संघिय सरकार, प्रदेश सरकार, विकास साझेदार निकाय, नीजि क्षेत्र र आम नगरवासीको साझा प्रयासलाई उल्लेखीत नीतिमा जोड दिईएको छ सोही अनुरुप कार्यान्वयन हुनेमा हामी पूर्ण रुपमा विश्वस्त छौं। यस नगर सभा अधिवेशनमा प्रभावकारी रुपमा प्रस्तुत निति तथा कार्यक्रम निर्माण गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने नगरसभाका सदस्य ज्युहरु, सम्पूर्ण राजनितिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, विभिन्न संघसंस्थाका प्रतिनिधि ज्युहरु, आमन्त्रित

विषय विज्ञ नगरपालिकाका कर्मचारी मित्रहरु, पत्रकार, सुरक्षाकर्मी मित्रहरु लगाएत नगरवासि दाजुभाई तथा दिदिबहिनिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।
त्रिवेणी नगरपालिकाको समुन्नत विकास प्रक्रियामा आजका दिन सम्म म र मेरो सिंगो जनप्रतिनिधि ज्युहरुको टिमलाई सहयोग उपलव्ध गराउने संघिय सरकार सुदुरपश्चिम प्रदेश सरकार सहयोगी संघसंस्था तथा निकायहरु निजिक्षेत्र प्रति हृदयदेखी आभारी छु यस्तै प्रकारको सहयोग निरन्तर भई रहनेछ भन्ने आत्म विश्वास ब्यक्त गर्दछु ।

श्री बडिमालिका माताले सबैको रक्षा गरुन!

धन्यवाद!

कर्ण बहादुर थापा
नगर प्रमुख